निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./ Ref:

मिति : २०८२/०३/१६
नेपाल संवत् ११४५ दिल्लाथ्व पञ्चमी, सोमबार

# प्रेस विज्ञप्ति

## मतदाता नामावली दर्ता कार्य स्थगन गरिएको

रुपन्देही जिल्ला प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नं. ३ को प्रतिनिधि सभा सदस्यको रिक्त एक पदका लागि मिति २०८२ कात्तिक १७ गते सोमबार उपनिर्वाचन गर्ने गरी आयोगबाट निर्णय भएको छ।

मतदाता नामावली ऐन, २०७३ को दफा ४ को उपदफा (२) को खण्ड (२) बमोजिम निर्वाचनको मिति घोषणा भइसकेपछि सो निर्वाचन प्रयोजनको लागि मतदाता नामावलीमा नाम दर्ता नहुने व्यवस्था भएकोले हाल नियमित रूपमा निर्वाचन कार्यालयहरूबाट भइरहेको मतदाता नामावली दर्ता सम्बन्धी कार्य मिति २०८२/०३/१७ गतेदेखि अर्को व्यवस्था नभएसम्मको लागि स्थगन गरिएको व्यहोरा आयोगको मिति २०८२/०३/१६ गतेको निर्णयानुसार सम्बन्धित सबैलाई जानकारी गराइन्छ।

२०८२/३/१६

नीता पोखरेल अर्याल
सहसचिव एवं प्रवक्ता

"स्वतन्त्र र निष्पक्ष निर्वाचन: राष्ट्को गौरव"
"Free and Fair Election: Pride of Nation"
कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं.: (९७७-१) ५३२८६६३ । फ्याक्स: (९७७-१) ५३२५५८०
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 5328663, Fax: (977-1) 5325580
E-mail: info@election.gov.np, Website: www.election.gov.np